शुद्धोधनगाउँपालिका कार्यपालिकाको कार्यालय
मानपकडी रुपन्देही प्रदेश न. ५

**औषधीतथाऔषधीजन्य र सर्जिकल सामानखरिद सम्बन्धीशीलबन्दी दरभाउपत्रआव्हानको सूचना**

प्रथम पटक प्रकाशितमिति:२०७६।१।८ ठेक्का न. SRM-०४/०७५/०७६

१. यस कार्यालय अर्न्तगतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा चालु आ.ब.२०७५/७६ मा शुद्धोधन गाउँपालिकाबाट नि:शुल्क वितरण गर्ने औषधी तथा सर्जिकल सामानह शिलबन्दीदरभाउपत्र द्वारा खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५दिन भित्र दरभाउपत्र फारम दस्तुर रु.१०००।-(अक्षरुपी एव हजार मात्र)(पछि फिर्ता नहुने) तिरी खरिद गर्न चालु आ.व.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, औषधीब्यबसायी प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.क दर्ता प्रमाणपत्र, आ.ब. २०७४/७५ को कर चुक्ता प्रमाणपत्र र नेपालीनागरिकताको प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपी संलग्न गरी शुद्धोधनगाउँपालिकाक कार्यालय, रुपन्देहीमा निवेदन पेश गरी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक व्यक्ति वा फर्मको जानकारीको लागी यो दरभाउपत्र आव्हान गरिएको छ।

२. दरभाउपत्र पेश गर्दा कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको र कुनै पनि शर्त राखी पेश भएको दरभाउपत्र मान्य हुने छैन।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र खरिद गरी खरिद गरेको दरभाउपत्र रीतपूर्वक भरी खाममा सिलबन्दीगरी कार्याल वा अधिकारीको नाम र ठेगाना उल्लेखगरी सोह्रौं दिनको दिनको १२ बजे भित्र यस कार्यालयमा सिलबन्दी साथ दाखिला गराइसक्नु पर्नेछ। दर्ता भएक दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन। दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनला अन्तिम दिन मानिने छ।

४. दरभाउपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर शुद्धोधन गाउँपालिका कार्यालय,रुपन्देहीको कृषि विका बैंक, फर्साटिकर शाखा धरौटी खाता न.०४२४५०११५०२७९०४५ मा जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र खुल्ने मितिबाट ७५(पचहत्तर)दिन म्याद भएक राष्ट्बैंक बाट मान्यता प्राप्त बाणिज्य बैकले जारी गरेको बैंक ग्यारेन्टी (विड बन्ड) दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।स्वीकृत दरभाउपत्रदाताले स्वीकृत जम्मा अंकक ५% ले हुने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सोहीअनुसार यस कार्यालयको नाममा जारी भएको परफरमेन्स बण्ड संभौता ग अगावै पेश गर्नु पर्नेछ। नगद धरौटी राखिएकोमा परफरमेन्स बण्डमा परिवर्तन गर्न पाइने छैन।

५. दरभाउपत्र स्वीकृत हुदा प्याकेजको रुपमा वा आइटम वाईज दर स्वीकृत गर्न सकिने छ। दरभाउपत्रदाताले दरभाउपत्रका आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ। संभौत हुदा औषधीको परिमाणमा थपघट हुन सक्नेछ। साथै दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

६. दरभाउपत्रसाथ आपूर्ति गर्ने औषधीहरु WHO/GMPCertify Company बाट उत्पादित भएको,नविकरण गरिएको प्रमाण पत्र, Surgical Itemsको हकमा नविकर गरिएको ISO प्रमाण पत्र र औषधीब्यवस्था बिभागबाट प्राप्त नविकरण गरिएको उत्पादन अनुज्ञापत्रको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेस गर्नुपर्नेछ।

७. सुई, धुलो र भोल औषधीबाहेक संर्पूण औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ। बोतलमा आपूर्ति हुने सबै औषधीहरु प्लाष्टिक बोतलमा हुनु पर्नेछ।

८. कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु दरभाउपत्रदाताले नै ब्यहोर्नु पर्नेछ।

९. आपूर्ति हुने औषधीको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ। तर कुनै औषधीको Expiry Date १८ महिना भन्दा कमहु अवस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ।

१०. सप्लाई हुने औषधीतथा अन्य सामानको प्रत्येक Strips/labeling र प्याकिङ्गको बाहिर उत्पादन मिति,Expiry Date, ब्याच नम्बर, उत्पादक कम्पनी र **नेपाल सरका द्वारा नि:शुल्क बितरणको लागि** भन्ने वाक्यांश उल्लेख भएको हुनुपर्नेछ।

११. विदेशी औषधीको हकमा औषधी व्यवस्था विभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ।

१२. दरभाउपत्रदाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिद कर्ताको नाममा उल्लेखित दरभाउपत्र प्रयोजनको लागि जारी गरेको सक्कल आधिकारि पत्र (Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै आधिकारिक पत्र पेश ग पर्नेछ।

१३. दरभाउपत्रफारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमाउल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमला मान्यता दिईनेछ। केरमेट भएको खण्डमा त्यस्तो ठाउँमा आधिकारीक दस्तखत गरेको हुनुपर्नेछ।

१४. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ।

१५. एक विकेताको नाममा विक्री भएको दरभाउपत्र अर्को विकेताको नाममादाखिला (दर्ता) गर्न पाईने छैन।

१६. दरभाउपत्र पेशगर्दा मूल्यअभिवृद्धि कर बाहेकको दररेट पेश गर्नुपर्नेछ।

१७. आ.व.०७५।७६ का लागी औषधी खरिदमा थप रकम व्यवस्था भई आएमा यसै दररेट अनुसार खरिद हुनेछ। दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व.का लाग भएकोले आ.व.०७५।७६ आषाढ मसान्तसम्म कुनै प्रकारको मूल्यवृद्धि लाई स्वीकार गरिने छैन।

१८. दरभाउपत्रमा उल्लेखित औषधीको परिमाण आवश्यकता अनुसार थपघट गर्न सकिनेछ।

१९. दरभाउपत्रफारम खरिद गर्न स्वयं दरभाउपत्रदाता उपस्थित हुननसकेमा मञ्जुरीनामा पेश गरि खरिद गर्न सकिने छ तर त्यस्तो मञ्जुरीनामा एक फर्मको लागी एव व्यक्तिलाई मात्रहुनेछ।

२०. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिकखरिद नियमावली,२०६४ तथा प्रचलित नेपालक कानून अनुसार हुनेछ।

२१. दरभाउपत्र सम्बन्धी अन्य आवश्यक कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालयको स्वास्थ्य शाखामा सम्पर्क राखी बुझ्न सकिने छ।

**तपसिल**

| सि.नं | ठेक्का नं | बिबरण | ईस्टिमेट अंक रु. | सिलबन्दी दरभाउपत्र जमानत रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | SRM-०४/०७५/०७६ | औषधी तथा औषधीजन्य र सर्जिकल सामानहरु खरिद | १०५००००/- | २६२५०/- | १०००। |

प्रमुख प्रशासकीय अधिकृत
शुद्धोधन गाउँपालिका कार्यालय मानपकडी, रुपन्देह

अनन्तप्राण मरासिनी
प्रमुख प्रशासकीय अधिकृत